# स्विकृत मितिः

# सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७४

**प्रस्तावनाः** तराईका सीमाक्षेत्रका बस्तीहरुमा मानव विकासको सूचकाङ्क न्यून तथा गरिबीको समग्र दर र गहनता उच्च रहेको हुनाले सो क्षेत्रमा विशेष लक्षित कार्यक्रम सञ्चालन गरी जनताको सार्वजनिक सेवामा पहुँच अभिबृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन आवश्यक विकास कार्यक्रमहरुको तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न,

नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम यो निर्देशिका लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"आयोजना"** भन्नाले सीमाक्षेत्र विकास कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनालाई सम्झनुपर्छ ।

(ख) **"उपभोक्ता समिति"** भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरु सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ग) **"स्थानीय तह"** भन्नाले नेपालको संबिधान बमोजिम गठन भएको गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

(घ) **"गैह्र सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउँछ ।

(च) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले कानून बमोजिम स्थापना भएका संस्थालाई जनाउँछ ।

३. **निर्देशिकाको मुख्य उद्देश्यहरुः** यस निर्देशिकाका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) यस कार्यक्रमको लागि स्थानीय तहलाई उपलव्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्ने,

(ख) आयोजना तर्जुमा, व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरल, पारदर्शी र व्यवस्थित गरी आयोजना कार्यान्वयलाई प्रभावकारी र उत्तरदायी बनाउने,

(ग) लक्षित समूहको सशक्तीकरण र मूलप्रवाहीकरण गरी सो क्षेत्रको गरीवी न्यूनिकरणमा टेवा पुऱ्याउने ।

(घ) उपलव्ध स्रोतबाट अधिकतम लाभ हासिल गर्न सहयोग गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनमा तादम्यता तथा एकरुपता ल्याउने ।

४. **निर्देशिकाको कार्यक्षेत्रः** मानव विकासको सूचकाङ्क न्यून तथा गरिबीको समग्र दर र गहनता उच्च रहेका अनुसूची-१ मा उल्लेख भए बमोजिमका तराई मधेस क्षेत्रका स्थानीय तहका सीमावर्ती वडाहरुमा यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

# परिच्छेद - २

# कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था

५. **अनुदान विनियोजन गरिने क्षेत्रहरुः** (१) सामाजिक आर्थिक विकासका पूर्वाधारहरु निर्माण मार्फत आय आर्जनमा बढोत्तरी गर्ने उद्देश्यले भौतिक पूर्वाधार निर्माणमा लगानीको लागि चालु तथा पूँजिगत अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा देहायका क्षेत्रमा आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछः

क **सडक तर्फः** देहायको प्राथमिकताक्रमको आधारमा छनौट भएका कालोपत्रे सडक, पिसिसी वा आरसिसी ढलान, कल्भर्ट, साना पुल पुलेसा, कजवे, टेवा पर्खाल, साना झोलुङ्गे पुल निर्माण तथा सम्भार लगायतका कार्यक्रमहरु ।

- वडा केन्द्रलाई स्थानीय तहको केन्द्रसँग जोड्ने,
- दुई वा दुईभन्दा बढी वडा केन्द्रहरु जोड्ने,
- स्थानीय तह भित्रका वस्ती, बिद्यालय, स्वास्थ्य चौकीहरु र बजार केन्द्रहरु जोड्ने,
- सीमाक्षेत्रका टोल बस्तीलाई हुलाकी सडकसँग जोड्ने ।

तर सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेल कार्यका लागि यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन ।

ख **सिंचाई तर्फः** सतही तथा भूमिगत सिंचाईको निर्माण तथा मर्मत संभार र सोही प्रकृतिका अन्य कार्यक्रमहरु ।

ग **खानेपानी तथा सरसफाई तर्फ :** धारा, पोखरी, इनार, शौचालय निर्माण तथा मर्मत, ट्यूववेल जडान, ढल तथा ट्याङ्की निर्माण, पाइपलाइन जडान कार्यक्रमहरु ।

**घ कृषि विकास तर्फ :** कृषि, खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, बधशाला, माछा पोखरी निर्माण, कृषि बीउ विजन तथा रासायनिक मल, सामुहिक कृषि व्यवसायका लागि समूहलाई सहयोग, शीत भण्डार निर्माण, कृषि उपजको बजारीकरण तथा हाट बजार व्यवस्थापन, कृषिमा उन्नत प्रविधिको विस्तार, डेरी उद्यम सञ्चालन र व्यवस्थापन, बजार परिसरमा खानेपानी तथा शौचालय निर्माण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।

ङ **उर्जा तर्फ :** ग्रामीण विद्युतीकरण तथा वैकल्पिक उर्जा कार्यक्रमहरु ।

च **सामुदायिक पूर्वाधार तर्फ :** सामुदायिक भवन तथा सामुदायिक तालिम केन्द्र निर्माण कार्यक्रमहरु ।

छ **वातावरण संरक्षण तर्फ :** वृक्षारोपण, नदी नियन्त्रण, सार्वजनिक उद्यान, नदी कटान नियन्त्रण तथा तटबन्धन निर्माण कार्यक्रमहरु ।

ज **क्षमता विकास तर्फ :** कुकरी, डकर्मी, सिकर्मी, मोटरसाइकल तथा अटोमोवाइल मर्मत तालीम, बिद्युत वाइरिङ, प्लम्विङ, मोवाइल, रेडियो, टिभी मर्मत, व्युटिसियन जस्ता रोजगारी सिर्जना तथा आयआर्जन वृद्धि हुने शीपमूलक तालिम कार्यक्रमहरु ।

झ **स्वास्थ्य तर्फ** : खोप, स्वास्थ्य शिविर सञ्चालन/परिक्षण, स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम लगायतका कार्यक्रमहरु ।

तर यसरी कार्यक्रम सञ्चालन गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकारको कार्यक्रमसँग दोहोरोपन नहुने गरी सञ्चालन गर्नुपर्नेछ ।

६. **अनुदान उपलब्ध गराइने आधारः** स्थानीय तहलाई सशर्त अनुदानको रकम उपलब्ध गराउँदा देहायको भारको आधारमा गणना गरी उपलब्ध गराइनेछः

| | |
|---|---|
| क) जनसँख्या | साठी प्रतिशत |
| ख) गरिबी | तीस प्रतिशत |
| ग) क्षेत्रफल | दस प्रतिशत |

७. **आयोजना छनौटको लागत सीमाः** (१) पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको छनौट गर्दा गाउँपालिका अन्तर्गत न्यूनतम आठ लाख रुपैयाँ र नगरपालिका अन्तर्गत न्यूनतम दश लाख रुपैयाँ लागत भएका तथा ठोस प्रतिफल देखिने आयोजना मात्र छनौट गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपलब्ध भएसम्म दिगो विकास र ठोस प्रतिफल दिने प्रकृतिको ठूला आयोजना सञ्चालनलाई प्राथमिकता दिई लगानी गर्नुपर्नेछ ।

८. **कन्टिन्जेन्सी रकमः** (१) आयोजना कार्यान्वयनका आधारमा भुक्तानी हुने कुल लागतको दुई प्रतिशतले हुन आउने रकम आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले कन्टिन्जेन्सी बापत छुट्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना व्यवस्थापन प्रयोजनका लागि मात्र खर्च गर्न सक्नेछ ।

९. **खर्चमा बन्देज :** कार्यक्रम अन्तर्गत प्राप्त हुने पूँजिगत रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा खर्च गर्न पाइनेछैनः-

(१) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरू,

(२) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(३) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालनसम्बन्धी चालू प्रकृतिका सबै खर्चहरू,

(४) राजनैतिक दल तथा तिनका भातृ सङ्गठनहरु, संघसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न,

(५) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(६) स्थानीय तहको सभाबाट स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न ।

# परिच्छेद - ३
# योजना तर्जुमा तथा आयोजना व्यवस्थापन

१०. **योजना तर्जुमाः** (१) योजना तर्जूमा गर्दा मन्त्रालयले जारी गरेको स्थानीय तह योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र निर्देशिकाले निर्दिष्ट गरेका एवं कार्यक्रम दस्तावेजले तोकेका क्षेत्रसँग सम्बन्धित आयोजनाहरुको छनौट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम गरिनेछः-

(क) सम्बन्धित सरोकारवालाहरुको सहभागितामा बस्ती तथा वडास्तरबाट प्राथमिकताको आधारमा आयोजनाहरुको छनौट गरिनेछ ।

(ख) वडास्तरबाट छनौट भएका कार्यक्रमहरुलाई आयोजना कार्यान्वयन तथा अनुगमन समितिबाट सम्बन्धित गाउँ/नगर सभामा सिफारिससाथ पेश हुनेछ ।

(ग) सम्बन्धित गाउँ/नगर सभाबाट स्वीकृत भएका आयोजनाहरु कार्यान्वयनका लागि कार्यपालिकालाई लेखि पठाउनेछ ।

(घ) आयोजना तर्जुमा गर्दा गाउँपालिका/नगरपालिकाले सीमाक्षेत्रको समानुपातिक विकास हुने गरी बहुबर्षिय योजना बनाई निर्दिष्ट लक्ष्यहरु हाँसिल गर्न सघाउने गरी गरिनेछ ।

**११. आयोजना कार्यान्वयन तथा व्यवस्थापन प्रक्रियाः** (१) आयोजना कार्यान्वयन तथा व्यवस्थापन गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) क्षेत्रगत कार्यक्रमहरु विषयगत शाखा मार्फत सञ्चालन गरिनेछ ।

(ख) गाउँ तथा नगर सभाबाट छनौट भएका आयोजनाहरुको डिजाईन, लागत अनुमान तथा प्राविधिक सुपरिवेक्षण एवं गुणस्तरको सुनिश्चितता आदि कार्यका लागि थप प्राविधिक सहायता (ईन्जिनियर, सव-ईन्जिनियर लगायत) उपलब्ध गराइनेछ । सो बमोजिम हुन नसकेमा प्रमुख प्रशासकिय अधिकृतले केन्द्रीय आयोजना कार्यालयसँग समन्वय गरी अन्य कुनै प्राविधिकलाई उक्त जिम्मेवारी तोक्न सक्नेछ ।

(ग) देहाय (ख) बमोजिम उपलब्ध प्राविधिकले आयोजनाको सर्भे, लागत अनुमान तयार गर्नुका साथै आयोजनाको कार्यान्वयन तथा सोको नाँप जाँच र मूल्याङ्कन समेत तयार गरि प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ । सोका अलावा अनुसूचि २ मा उल्लेखित कार्य विवरण बमोजिमको कार्य समेत निजले सम्पन्न गर्नुपर्नेछ ।

(घ) देहाय (ग) बमोजिमको मूल्याङ्कनको आधारमा मात्र आयोजनाको लागत अनुसारको रकम भुक्तानी गरिनेछ ।

(ङ) छनौट भएका आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

(च) देहाय (ङ) बमोजिम उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहित विपन्न तथा पिछडिएको समुदायको सहभागिता गराउनु पर्नेछ ।

**१२. कार्यक्रम सहजीकरण समितिः** (१) कार्यक्रम कार्यान्वयनमा जिल्ला तहमा सहजीकरणका लागि देहायको कार्यक्रम सहजीकरण समिति हुनेछ ।

(क) जिल्ला समन्वय समितिका प्रमुख - संयोजक

(ख) जिल्ला समन्वय समितिका उपप्रमुख - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) जिल्ला समन्वय अधिकारी - सदस्य

(ङ) सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालय प्रमुख - सदस्य

(च) कार्यक्रम हेर्ने इन्जिनियर - सदस्य-सचिव

(२) कार्यक्रम सहजीकरण समितिको बैठक चौमासिक रुपमा बस्नेछ ।

(३) सहजीकरण समितिको कुनै सदस्य नभएको अवस्थामा संयोजकले आवश्यक व्यवस्था मिलाउने छ ।

**१३. कार्यक्रम सहजीकरण समितिको काम, कर्तव्य र अधिकार :** कार्यक्रम सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) यस निर्देशिका बमोजिमका कृयाकलापहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) कार्यक्रम कार्यान्वयनमा अन्तर-निकाय समन्वय गर्ने गराउने ।

(ग) आयोजना छनौटमा आवश्यक सहजीकरण गर्ने गराउने ।

(घ) आयोजना कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग परिचालन गर्ने गराउने ।

(ङ) सञ्चालित क्रियाकलापहरुको अनुगमन गर्ने गराउने ।

(च) कार्यक्रमको प्रगति समीक्षा गरी निर्धारित समयमै प्रगति संप्रेषण गर्ने गराउने ।

**१४ कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिः** (१) स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि गाउँपालिका वा नगरपालिका प्रमुखको संयोजकत्वमा देहायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष वा प्रमुख | -संयोजक |
| (ख) उपाध्यक्ष वा उप-प्रमुख | -सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (ग) कार्यक्रम संचालित वडाका वडा अध्यक्षहरु | -सदस्य |
| (ङ) सीमाक्षेत्र हेर्ने प्राविधिक कर्मचारी | -सदस्य-सचिव |

(२) कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नेछ ।

(३) कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको कुनै सदस्य नभएको अवस्थामा संयोजकले निजको स्थानमा अरु कसैले प्रतिनिधित्व गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

**१५. कार्यक्रम समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** कार्यक्रम समन्वय तथा अनुगमन समितिको कार्यहरु देहाय बमोजिम हुनेछन्:

(क) यस निर्देशिका बमोजिमका चरणहरु समेट्ने गरी बार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।

(ख) यस कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाको खरिद इकाइको रुपमा काम गर्ने ।

(ग) आयोजना छनौट तथा कार्यान्वयनमा वडा कार्यालयहरुलाई परिचालन गर्ने गराउने ।

(घ) गाउँपालिका/नगरपालिकाबाट प्राप्त बजेट अनुसार कार्यक्रम कार्यान्वयन गर्ने र सोको छुट्टै खाता राख्ने र गाउँपालिका/नगरपालिका समक्ष लेखापरीक्षणको लागि पेश गर्ने ।

(ङ) आयोजना कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग परिचालन गर्ने गराउने ।

(च) सञ्चालित क्रियाकलापहरुको अनुगमन गर्ने गराउने ।

(छ) कार्यक्रमको प्रगति समीक्षा गरी निर्धारित समयमै प्रगति सम्प्रेषण गर्ने गराउने ।

(ज) कार्यक्रम प्रति सरोकारवालाहरुलाई उत्तरदायी, पारदर्शी र जवाफदेही बनाउने ।

(झ) गाँउपालिका/नगरपालिकामा कार्यक्रमको समीक्षा, सार्बजनिक सुनुवाई वा सामाजिक परीक्षण लगायतका कार्य गर्ने, खर्च एवं लेखा प्रतिबेदनहरु सार्वजनिक गर्ने ।

(ञ) उपभोक्ता समितिहरुलाई उत्तरदायी, पारदर्शी र जवाफदेही बनाउने ।

**१६. आयोजनाको अनुगमन तथा मूल्यांकनः** आयोजनाको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका वा नगरपालिका स्तरीय समन्वय तथा अनुगमन समितिले आयोजनाको नियमित अनुगमन, मुल्याङ्कन तथा निरीक्षण गर्नेछ ।

(ख) गाउँपालिका वा नगरपालिकामा कार्यक्रमको लागि नियुक्त प्राविधिक कर्मचारीहरुले वार्षिक कार्ययोजना अनुरुपका क्रियाकलापहरु नियमित अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यक्रम समन्वय तथा अनुगमन समिति र कार्यक्रम सहजीकरण समिति समक्ष पेश गर्नु पर्नेछ ।

# परिच्छेद - ४
# वित्तीय स्रोत परिचालन तथा वित्तीय सुशासन

**१७. वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन :** (१) कार्यक्रमको लागि आवश्यक वित्तीय स्रोत नेपाल सरकार मार्फत उपलब्ध हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयन तथा विनियोजित बजेट खर्च गर्दा तथा सोको लेखा राख्दा तथा लेखाङ्कन प्रतिवेदन तयार गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

**१८. खरिद प्रक्रियाको व्यवस्थापन :** (१) कार्यक्रम अन्तर्गत कुनै खरिद गर्नुपर्दा देहाय बमोजिम गरिनेछ :

(क) गाउँ तथा नगर सभावाट स्वीकृत वार्षिक बजेट तथा योजनाको आधारमा वार्षिक खरिद योजना तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद निमायवली, २०६४ र अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(ख) देहाय (क) बमोजिमको वार्षिक खरिद योजनालाई कार्यक्रम समन्वय तथा अनुगमन समितिबाट स्वीकृत गराएर मात्र खरिद गर्नु पर्नेछ ।

(ग) आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गर्नु पर्नेछ ।

**१९. वित्तीय सुशासन कायम गर्नेः** कार्यक्रम अन्तर्गत गरिने खर्चमा वित्तिय सुशासन कायम गर्न देहाय बमोजिम गर्नुपर्नेछ :

(क) उपभोक्ता समितिसँग सम्झौता भएपश्चात् यसका सम्पूर्ण सदस्यलाई आयोजनाको वित्तीय स्रोत, खर्च गर्ने तरिका, सदस्यको व्यक्तिगत तथा सामुहिक जिम्मेवारी आदि विषयमा अनुशिक्षण गर्नु पर्नेछ ।

(ख) तीन लाख रुपैंयाभन्दा बढी लागत भएका सबै आयोजनाहरुको विवरण ( आयोजनाको नाम, कामको संक्षिप्त विवरण, खर्च व्यहोर्ने श्रोत, लाभग्राही संख्या, आयोजनाले समेटेको क्षेत्र, निर्माण कार्य शुरु तथा सम्पन्न हुने मिति आदि) समेटिएको आयोजनाको सूचना पाटी अनिवार्य रुपमा सर्वसाधारणले देख्न सक्ने गरी योजना स्थलमा राख्नु पर्नेछ । यसका लागि आवश्यक रकमको व्यवस्था लागत अनुमान तयार गर्दा नै राखिनेछ ।

(ग) कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरु सम्पन्न भइसकेपछि अनिवार्य रुपमा आयोजना सम्पन्न भएको एक महिनाभित्र सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(घ) सञ्चालित कार्यक्रमहरुको मासिक, चौमासिक, अर्ध वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी केन्द्रीय आयोजना कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**२०. सार्वजनिक परीक्षण तथा लेखा परीक्षणः** (१) गाउँपालिका वा नगरपालिका स्तरीय समन्वय तथा अनुगमन समितिले कार्यक्रमहरुको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा कामदारहरुको हाजिरी विवरण, प्राप्त रकम र खर्चहरु लगायत आयोजनाको विस्तृत भुक्तानी विवरणको प्रमाण सार्वजनिक गर्नु पर्नेछ ।

(३) यस कार्यक्रमको आन्तरिक लेखापरीक्षण गाउँपालिका वा नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ ।

(४) महालेखा परीक्षकको कार्यालयबाट यस आयोजनाको अन्तिम लेखा परीक्षण हुनेछ ।

(५) उपदफा (४) बमोजिमको लेखापरीक्षण प्रतिबेदन केन्द्रीय आयोजना कार्यालयमा समेत पठाउनु पर्नेछ ।

# परिच्छेद - ५

# विविध

**२३. केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिः** (१) कार्यक्रमको प्रभावकारिता अनुगमन तथा मूल्याङ्कन गर्नका लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक केन्द्रीय अनुगमन तथा मूल्यांकन समिति रहनेछ :

(क) मन्त्री/राज्य मन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय-संयोजक

(ख) सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय -सदस्य

(ग) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सह-सचिव संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा - सदस्य

(ङ) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(च) सशस्त्र प्रहरी बल, सीमा विभाग प्रमुख - सदस्य

(छ) सीमाक्षेत्र विकास कार्यक्रमका कार्यक्रम निर्देशक -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र संयोजकले आवश्यकतानुसार सम्बन्धित निकाय वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**२४. केन्द्रीय अनुगमन तथा मूल्याँकन समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय अनुगमन तथा मूल्याँकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको उद्देश्य अनुकूल आवश्यक नीतिगत निर्णय गर्ने ।

(ख) कार्यक्रम निर्देशक समितिले पेश गरेको वार्षिक वा आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको समीक्षा गरी आवश्यक मार्गदर्शन गर्ने ।

(ग) कार्यक्रमको उद्देश्यहरु परिपूर्तिका लागि आवश्यक मार्गदर्शन गर्ने ।

**२५. कार्यक्रम समन्वय समितिः** (१) कार्यक्रमको उद्देश्य बमोजिम प्रभावकारी कार्यान्वयन व्यवस्था मिलाउन र आवश्यक समन्वय गर्न गराउन देहाय बमोजिमको कार्यक्रम समन्वय समिति रहनेछ :

(क) सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय -संयोजक

(ख) सह-सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा -सदस्य

(ग) सह-सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,

अनुगमन तथा मूल्याङ्कन महाशाखा -सदस्य

(ग) महानिर्देशक, ग्रामीण पूर्वाधार तथा कृषि सडक विभाग , -सदस्य

(घ) सह-सचिव, शहरी विकास मन्त्रालय -सदस्य

(ङ) सह-सचिव, सिंचाई मन्त्रालय -सदस्य

(च) सह-सचिव, कृषि विकास मन्त्रालय -सदस्य

(छ) सशस्त्र प्रहरी बल, सीमा विभाग प्रमुख -सदस्य

(ज) उप-सचिव, गृह मन्त्रालय -सदस्य

(झ) उप-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ञ) उप-सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(ट) कार्यक्रम-निर्देशक केन्द्रीय आयोजना कार्यालय -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ । साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार अन्य कुनै सम्बन्धित निकाय वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२६. **कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार :** कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रमको उद्देश्य अनुकूल आवश्यक नीतिगत प्रभावकारिताका लागि समन्वय गर्ने गराउने ।

(ख) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय, कार्यान्वयनमा एकरुपता एवं सहजीकरण गर्ने ।

(ग) कार्यक्रमको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(घ) कार्यक्रमको उद्देश्यहरु परिपूर्तिका लागि आवश्यक पर्ने स्रोतहरुको आँकलन तथा व्यवस्थापन गर्ने ।

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारावालाहरु बीच आवश्यक समन्वय गर्ने गराउने ।

(च) कार्यक्रमको अनुगमन तथा अनुगमन प्रतिवेदन र समीक्षाको आधारमा सुधार गर्न आवश्यक सुझाव दिने ।

२७. **केन्द्रीय आयोजना कार्यालयः** (१) कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयमा एक केन्द्रीय आयोजना कार्यालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालयको प्रमुखको रुपमा एक कार्यक्रम-निर्देशक रहनेछ ।

(३) मन्त्रालयले तोकेको नेपाल निजामती सेवाको प्रशासन सेवा सामान्य प्रशासन समूहको रा.प.द्वित्तीय श्रेणीको अधिकृत कार्यक्रम निर्देशक हुनेछ ।

(४) केन्द्रीय आयोजना कार्यालयले देहाय बमोजिमका कार्यहरु समन्वयात्मक, नतिजामूखी र समयवद्ध रुपमा गर्ने गराउनेछ :

(क) कार्यक्रम सम्बन्धी वार्षिक बजेट तथा योजनाहरु तयार गर्ने, स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानीय तहमा पठाउने र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

(ख) प्राविधिक, प्रशासनिक र व्यवस्थापकीय सहयोगका लागि कर्मचारी व्यवस्थापन गर्ने ।

(ग) कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने ।

(घ) कार्यक्रमको नियमित अनुगमन गरी प्रतिबेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) कार्यक्रमसँग सम्बन्धित विषयमा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गर्ने ।

(च) आवश्यकता अनुसार योजनागत रुपमा अनुगमन, निरीक्षण एवं सुझाब दिने।

(छ) कार्यक्रम कार्यान्वयनबाट प्राप्त पृष्ठपोषणका आधारमा प्रगति समीक्षा गर्ने र सुधारका लागि पेश गर्ने ।

(ज) कार्यक्रमको आर्थिक प्रशासनसम्बन्धी विवरण तथा छुट्टै जिन्सी अभिलेखहरु राख्ने ।

(झ) कार्यक्रमलाई प्राप्त सम्पूर्ण श्रोत र साधनहरुको समूचित उपयोग हुने गरी नियन्त्रण सुनिश्चित गर्ने ।

(ञ) कार्यक्रम सञ्चालन तथा प्रगतिको आधारमा गाउँपालिका/नगरपालिकाका कर्मचारीहरुको मूल्याङ्कन गरी विभिन्न तालीम तथा जनशक्ति विकासका लागि सिफारिश गर्ने ।

(ट) यस निर्देशिका बमोजिम कार्यान्वयन गर्ने एवं गर्न लगाउने ।

(४) कार्यक्रमका लागि केन्द्रीय आयोजना कार्यालयमा प्राविधिक कार्यमा सहजीकरण गर्न वार्षिक कार्यक्रममा तोकिए बमोजिम प्राविधिक जनशक्ति व्यवस्था गरिनेछ ।

**२८. खारेजी र बचाउः** (१) सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ खारेज गरिएको छ ।

(२) सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ बमोजिम भए गरेको कार्य यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

# अनुसूची-१
## कार्यक्रम सञ्चालन हुने गाउंपालिका र नगरपालिकाहरुको विवरण

| क्र.सं. | जिल्ला | गाउँपालिका/नगरपालिका | वडा.नं | वडा संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १. | झापा | मेचीनगर नगरपालिका | १, ४, ५, ६, ७, १५ | ६ | २१ |
| | | भद्रपुर नगरपालिका | ३, ५ | २ | |
| | | गौरीगञ्ज गाँउपालिका | १, २, ४, ५, ६ | ५ | |
| | | बाह्रदशी गाँउपालिका | १ | १ | |
| | | झापा गाँउपालिका | १, ३, ५ | ३ | |
| | | कचनकवल गाँउपालिका | १, ३, ४, ५ | ४ | |
| २. | मोरङ | विराटनगर उपमहानगरपालिका | १५, १६, १७, १८ | ४ | १८ |
| | | रंगेली नगरपालिका | ४, ५ | २ | |
| | | रतुवामाई नगरपालिका | १, २, ३ | ३ | |
| | | सुनवर्षी नगरपालिका | ७, ८ | २ | |
| | | धनपालथान गाँउपालिका | १, ,२, ३ | ३ | |
| | | जहदा गाँउपालिका | १, ५, ६, ७ | ४ | |
| ३. | सुनसरी | देवगञ्ज गाँउपालिका | ३, ४, ५ | ३ | १६ |
| | | कोशी गाँउपालिका | १, ३, ५, ६, ७, ८, | ६ | |
| | | बर्जु गाँउपालिका | ३, ४ | २ | |
| | | भोक्राहा गाँउपालिका | ६, ८ | २ | |
| | | हरिनगर गाँउपालिका | ५, ६, ७ | ३ | |
| ४. | सिराहा | सिराहा नगरपालिका | १५, १७, १९, २०, २१ | ५ | १३ |
| | | भगवानपुर गाँउपालिका | ३, ४ | २ | |
| | | औरही गाँउपालिका | १, ४, ५ | ३ | |
| | | बरियारपट्टी गाँउपालिका | १, ३ | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नवराजपुर गाँउपालिका | ५ | १ | |
| ५. | सप्तरी | डाक्नेश्वरी नगरपालिका | ३, ४, ६, | ३ | १७ |
| | | बोदेबरसाईन नगरपालिका | ५, ६, ७, ८, ९ | ५ | |
| | | हनुमाननगर कङ्कालीनी नगरपालिका | १३, १४ | २ | |
| | | छिन्नमस्ता गाँउपालिका | १, २, ३, ४ | ४ | |
| | | तिलाठी कोईलाडी गाँउपालिका | १ | १ | |
| | | बेल्ही चपेना गाँउपालिका | १, २, | २ | |
| ६. | धनुषा | नगराइन नगरपालिका | २, ६, ७ | ३ | १५ |
| | | विदेह नगरपालिका | १, २, १० | ३ | |
| | | जनकनल्दिनी गाँउपालिका | १, २, ३ | ३ | |
| | | मुखीयारपट्टि मुसहरमियम गाँउपालिका | १, २, ३, ५, ६ | ५ | |
| | | औरही गाँउपालिका | ८ | १ | |
| ७. | महोत्तरी | जलेश्वर नगरपालिका | ३, ४, ५, १२ | ४ | १७ |
| | | एकडारा गाँउपालिका | ५, ६ | २ | |
| | | सोनामा गाँउपालिका | ३, ५ | २ | |
| | | सम्सी गाँउपालिका | ४, ५, ६, ७, | ४ | |
| | | मनरा गाँउपालिका | २, ५, ८ | ३ | |
| | | मटिहानी गाँउपालिका | ४, ५ | २ | |
| ८. | सर्लाही | मलङ्गवा नगरपालिका | १, २, ५, ६, ८, ९ | ६ | २४ |
| | | हरिपुर्वा नगरपालिका | १, २, ३ | ३ | |
| | | बलरा नगरपालिका | १, ३, ४, ५, ६ | ५ | |
| | | गौडैटा नगरपालाका | १, २ | २ | |
| | | ब्रह्मपुरी गाँउपालिका | ४, ५, ६ | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विष्णु गाँउपालका | १, २, ५, ६, ९ | ५ | १४ |
| ९. | रौतहट | गौर नगरपालिका | १, २, ४, १०, ११ | ५ | |
| | | बौधीमाई गाँउपालिका | ६ | १ | |
| | | ईशनाथ गाँउपालिका | १, २, ४, ६, ७ | ५ | |
| | | परोहा गाँउपालिका | ६, ७, ८ | ३ | |
| १०. | बारा | कलैया उपमहानगरपालिका | १०, २० | २ | १९ |
| | | सिम्रौनगढ नगरपालिका | १, ६, ७, ९ | ४ | |
| | | देवताल गाँउपालिका | १, २, ३ | ३ | |
| | | पचरौता गाँउपालिका | १, ४, ५, ६, ७ | ५ | |
| | | प्रसौनी गाँउपालिका | १, २, ३ | ३ | |
| | | फेटा गाँउपालिका | २ | १ | |
| | | सुवर्ण गाँउपालिका | ३, ७ | १ | |
| ११. | पर्सा | बिरगञ्ज उपमहानगरपालिका | १, १६, १७, १९, २५ | ५ | २४ |
| | | सुवर्णपुर गाँउपालिका | १, २, ३, ४, ६ | ५ | |
| | | जगरनाथपुर गाँउपालिका | १, २ | २ | |
| | | धोविनि गाँउपालिका | १, २, | २ | |
| | | छिपहरमाई गाँउपालिका | १, २, ३, ५ | ४ | |
| | | पकाहा मैनपुर गाँउपालिका | १, ४, ५ | ३ | |
| | | बिन्दावासीनी गाँउपालिका | ३, ४, ५ | ३ | |
| १२. | चितवन | माडी नगरपालिका | १, २, ४, ६ ७, ८, ९ | ७ | ७ |
| १३. | नवलपरासी | बिनय त्रिवेणी गाँउपालिका | ६, ७ | २ | १३ |
| | | सुस्ता गाँउपालिका | ३, ४, ५, | ३ | |
| | | पाल्हीनन्दन गाँउपालिका | १, २, ५, ६ | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रतापपुर गाँउपालिका | ४, ५, ६ | ३ | |
| | | सरावल गाँउपालिका | ७ | १ | |
| १४. | रुपन्देही | लुम्बिनी सास्कृतीक नगरपालिका | १२, १३ | २ | २१ |
| | | सिद्धार्थनगर नगरपालिका | १, २, ११ | ३ | |
| | | कोटहीमाई गाँउपालिका | ३, ४, ६ | ३ | |
| | | मर्चावारी गाँउपालिका | १, २, ६, ७ | ४ | |
| | | मायादेवी गाँउपालिका | ६ | १ | |
| | | रोहिणी गाँउपालिका | १, २, ५, ६, ७ | ५ | |
| | | सम्मरीमाई गाँउपालिका | १, २, ३ | ३ | |
| १५. | कपिलवस्तु | महाराजगञ्ज नगरपालिका | ७, १० | २ | १८ |
| | | कृष्णनगर नगरपालिका | १, २, ३, ४, ५ ६, १२ | ७ | |
| | | मायादेवी गाँउपालिका | ४, ८ | २ | |
| | | यसोधरा गाँउपालिका | ५, ६, ७, | ३ | |
| | | शुद्धोधन गाँउपालिका | ५ | १ | |
| | | विजयनगर गाँउपालिका | १, ५, ७ | ३ | |
| १६. | दाङ | गढवा गाँउपालिका | २, ३, ८ | ३ | ६ |
| | | राजपुर गाँउपालिका | १, ६, ७ | ३ | |
| १७. | बाँके | नेपालगञ्ज उपमहानगरपालिका | १५, १६, २३ | ३ | १५ |
| | | नरैनपुर गाँउपालिका | १, २, ३, ४, ५, ६ | ६ | |
| | | राप्तीसोनारी गाँउपालिका | १ | १ | |
| | | खजुरा गाँउपालिका | १ | १ | |
| | | डुडुवा गाँउपालिका | १, २, ६ | ३ | |
| | | जानकी गाँउपालिका | १ | १ | |
| १८. | बर्दिया | गुलरीया नगरपालिका | १, ३, ७, ८, ९, १०, ११ | ७ | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मधुवन नगरपालिका | ३, ५, ७, ९ | ४ | |
| | | राजापुर नगरपालिका | ७, ९, १० | ३ | |
| | | बढैयाताल गाँउपालिका | २, १, ६, ७, ८, | ५ | |
| १९. | कैलाली | धनगढी उपमहानगरपालिका | १, २, ९, १०, १२, १४, १८, १९ | ८ | |
| | | टिकापुर नगरपालिका | ७, ८, ९, | ३ | १७ |
| | | भजनी नगरपालिका | ३, ५, ७, | ३ | |
| | | कैलारी गाँउपालिका | ३, ५, ७ | ३ | |
| २०. | कञ्चनपुर | भिमदत्त नगरपालिका | ९, १०, ११ | ३ | २३ |
| | | पुर्नवास नगरपालिका | ४, ६,७, ८, ९, १०, ११ | ७ | |
| | | महाकाली नगरपालिका | १, ३, ७, ८, १० | ५ | |
| | | बैलौरी नगरपालिका | १, २, ६, ७, ८, १० | ६ | |
| | | बेलडाँडी गाँउपालिका | ५ | १ | |
| | | लालझाडी गाँउपालिका | १ | १ | |

# अनुसूची-(२ (क)

## इन्जिनियर (Engineer) को कार्य क्षेत्रगत शर्त (Terms of Reference)

आफूलाई तोकिएको जिल्ला समन्वय समिति, नगरपालिका, गाँउपालिका को मातहतमा रही कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा इन्जिनियरको प्रमुख कार्य-जिम्मेवारी देहायका कायर्हरूमा सहजीकरण गर्ने हुनेछ र आफ्ना काम कारवाहीमा प्रत्यक्ष रुपमा नगरपालिका/गाँउपालिका प्रति उत्तरदायी भई कामकाज गर्नु पर्नेछ ।

- सीमाक्षेत्र विकास कार्यक्रमको गाँउपालिका/नगरपालिकावार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने ।
- वार्षिक अनुगमन तथा मूल्यांकन कार्ययोजना तयार गर्ने ।
- कार्यक्रमको जिल्लागत Project Funding Matrix विवरण तयार गर्ने ।
- आफूलाई जिम्मेवारी तोकिएको स्थानीयतहको गाउँपालिका सभा र नगरपालिका सभाबाट स्वीकृत आयोजनाहरुको सर्वे, डिजाईन तथा लागत अनुमान तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयन हुनु भन्दा अगाडी उपभोक्ता समिति वा निर्माण व्यवसायी जस्ता सरोकारवाला निकायहरुलाई अभिमूखीकरण गर्ने ।
- सञ्चालित आयोजनाहरुको नियमित अनुगमन, निरीक्षण गरी प्रतिवेदन पेश गर्ने ।
- आयोजना सञ्चालन गर्ने क्रममा स्थानीय स्तरमा देखापर्ने विवाद तथा समस्याहरुको समाधान गर्न सहजीकरण गर्ने ।
- खटाइएको गाँउपालिका/नगरपालिकाको वार्षिक खरिद योजना तयार गर्ने र सो अनुरुप खरिद व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।
- जिल्लाको समग्र मासिक, चौमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी कार्यक्रम समन्वय इकाईमा पेश गर्ने ।
- गाँउपालिका/नगरपालिकाबाट सम्पादित कार्यहरुको अनुगमन गरी मौजुदा निर्देशिका एवं कानूनी प्रावधानको पालना र गुणस्तर सुनिश्चित गर्ने ।
- कार्यक्रम कार्यान्वयन समन्वय समितिलाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलव्ध गराउने ।
- आफूले सम्पादन गरेका कार्यहरुको मासिक र चौमासिक र अर्धवार्षिक र वार्षिक प्रगति विवरण मन्त्रालयमा पठाउने ।
- गाँउपालिका/नगरपालिकालाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलव्ध गराउने ।
- गाँउपालिका/नगरपालिकाले निर्देशन दिएका अन्य कार्यहरु गर्ने ।

- गाँउपालिका/नगरपालिकासँग समन्वय गरी कार्यक्रम प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

- अघिल्लोआर्थिक वर्षको क्रमागत योजनाहरु पूरा गर्न समन्वय गर्ने ।

# अनुसूची – २ (ख)

**सब-इन्जिनियर (Sub-Engineer) को कार्य क्षेत्रगत शर्त (Terms of Reference):**

सीमाक्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्न आफूलाई तोकिएको गाँउपालिका/नगरपालिकाको मातहतमा रही स्थानीय विकास अधिकारीले तोकिदिए बमोजिमको क्षेत्रमा खटिई सम्बन्धित स्थानीय निकायको मातहतमा रही इन्जिनियरको निर्देशन बमोजिम सब-इन्जिनियरको कार्य-जिम्मेवारी निम्नानुसार हुनेछ :

- आफूलाई तोकिएको गाँउपालिका/नगरपालिका योजना तर्जुमा र कार्यान्वयनमासहयोग गर्ने ।
- आफूलाई तोकिएको गाँउपालिका/नगरपालिकाकोproject funding matrix विवरण तयार पार्ने ।
- स्वीकृत आयोजनाहरुको सर्वे, डिजाईन तथा लागत अनुमान तयार गर्न सहयोग गर्ने ।
- सञ्चालित आयोजनाहरुको गुणस्तरीयता कार्यान्वयन गर्ने गराउने ।
- सञ्चालित आयोजनाहरुको नियमित अनुगमन, निरीक्षण गरी समयमै जिल्ला इन्जिनियर समक्ष प्रतिवेदन पेश गर्ने ।
- आयोजना सञ्चालन गर्ने क्रममा स्थानीय स्तरमा देखा पर्न सक्ने विवाद तथा समस्याहरुको समाधान गर्न सहजीकरण गर्ने ।
- तोकिएको गाँउपालिका/नगरपालिकाको वार्षिक खरिद योजना तयारी र सो अनुरुप खरिद व्यवस्थापन गर्न सहयोग गर्ने ।
- मासिक, चौमासिक, अर्ध वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गरी समयमै पेश गर्ने ।
- नगरपालिका/गाँउपालिका अर्न्तगत कार्यक्रम सञ्चालन भएको कार्यहरुको अवलोकन गरी मौजुदा निर्देशिका एंव कानुनी प्रावधानको पालना र गुणस्तर सुनिश्चित गर्ने ।
- जिल्ला कार्यक्रम कार्यान्वयन समन्वय समितिलाई प्राविधिक सहयोग गर्ने तथा वार्षिक प्रगति गाँउपालिका/नगरपालिका मार्फत जिल्ला इन्जिनियर समक्ष पेश गर्ने ।
- नगरपालिका/गाँउपालिकाले निर्देशन दिएका सीमाक्षेत्र विकास कार्यक्रमका अतिरिक्त अन्य कार्यहरु गर्ने ।
- विगतका क्रमागत योजना पुरा गर्न समन्वयगर्ने ।

# अनुसूचि–३

**अनुगमन तथा प्रतिवेदन विज्ञ (Monitoring and Reporting Expert) को रुपमा इन्जिनियरको कार्य विवरण (Terms of Reference)**

सीमा क्षेत्र विकास कार्यक्रम सञ्चालननिर्देशिका, २०७४ बमोजिम कार्यक्रम हेर्ने कार्यक्रम निर्देशकको प्रत्यक्ष निर्देशन र कार्यक्रम अधिकृतसँग समन्वय गरी अनुगमन तथा प्रतिवेदन विज्ञको प्रमुख कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ :

- कार्यक्रमको क्षेत्रीयस्तरमा वार्षिक कार्यक्रम तथा बजेट अनुमान गरी केन्द्रमा पठाउने ।
- जिल्लास्तरमा तयार भएको बार्षिक कार्ययोजनालाई एकीकृत गरी क्षेत्रीय कार्ययोजना तयारगर्ने ।
- क्षेत्रीयस्तरमा वार्षिक अनुगमन तथा मूल्यांकन कार्ययोजना तथा Business Plan तयार गर्ने ।
- कार्यक्रमको बार्षिक Project Funding Matrix तयार गर्ने ।
- कार्यक्रम सञ्चालन भएका स्थानीय तहको बार्षिक कार्यक्रम एवं खरिद योजना तयार गर्न सहयोग गर्ने र सो अनुरुप व्यवस्थापन भए नभएको अनुगमन गर्ने ।
- आफु अन्तर्गतका स्थानीय तहबाट प्राप्त मासिक, चौमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रगति विवरण संकलन एवं विश्लेषण गरी एकीकृत प्रगति विवरण तयार गर्ने ।
- आफु अन्तर्गतका स्थानीय तहबाट सम्पादित कार्यहरुको अनुगमन गरी मौजुदा निर्देशिका एवं कानूनी प्रावधानहरुको पालना र गुणस्तर सुनिश्चित गर्ने ।
- सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालननिर्देशिका, २०७४ का विभिन्न समितिहरुलाई प्राविधिक सहयोग गर्ने ।
- सीमाक्षेत्र विकास कार्यक्रम केन्द्रीय आयोजना कार्यालयलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलव्ध गराउने ।
- कार्यक्रम सञ्चालन हुने जिल्लामा कार्यरत कार्यक्रम तर्फका जनशक्तिहरुको कार्यसम्पादन मूल्यांकनमा  कार्यक्रम निर्देशकलाई सहयोग गर्ने ।
- कार्यक्रमको उद्देश्य अनुकूल कार्यक्रम निर्देशक एवं कार्यक्रम अधिकृतबाट तोकिएका अन्य कार्यहरु ।
- आफूले सम्पादन गरेका कार्यहरुको मासिक/चौमासिक/अर्ध वार्षिक/बार्षिक प्रगति विवरण कार्यक्रम निर्देशक समक्ष पेश गर्ने र आफ्ना काम कारवाहीमा प्रत्यक्ष रुपमा कार्यक्रम निर्देशक प्रति उत्तरदायी हुने ।